# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

KTM, CDO Regd. No. 07/043/44

Founded: 20 Falgun 2007(4th March 1951)

(Mutually affiliated with Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)



**EXECUTIVE COMMITTEE**
**( 2020 - 2023 )**

**President:**
Dr. Lochan Karki
**Immediate Past President:**
Dr. Mukti Ram Shrestha
**Senior Vice President:**
Dr. Shiva Prasad Shrestha
**Vice President:**
Dr. Anil Bikram Karki
**General Secretary:**
Dr. Badri Rijal
**Treasurer:**
Dr. Prakash Budhathoky
**Joint Secretary:**
Dr. Niraj Kumar Singh
**Joint Treasurer:**
Dr. Bishwa Raj Dawadi

**Members:**
Dr. Bipesh Acharya
Dr. Leison Maharjan
Dr. Nanda Kumari Gurung
Dr. Pramod Joshi
Dr. Ritesh Thapa
Dr. Sanjeeb Tiwari
**Editor-in-Chief:**
Dr. Angel Magar


मिति : २०७७।६।२१

## प्रेश विज्ञप्ती

यस संघका आजीवन सदस्य प्राध्यापक डा. गोविन्द के.सी. को १९ औं आमरण अनशनका सम्बन्धमा संघले मिति २०७७ आश्विन १८ गतेका दिन डा. के.सी.को जीवन रक्षाका निम्ती नेपाल सरकारलाई ७२ घण्टाको समयावधि उपलब्ध गराई वार्ता टोली गठन गरी वार्ता र संवादको माध्यमबाट अबिलम्ब सत्याग्रहको अन्त्य गर्न आग्रह गरेको व्यहोरा अवगत नै छ । तर आज २४ औं दिन पुगी सक्दा समेत सरकारले वार्ताटोली पनि गठन नगरी बेवास्ता गरेकोप्रति नेपाल चिकित्सक संघको गम्भिर ध्यानाकर्षण भएको छ । डा. के.सी.को स्वास्थ्य अवस्था अत्यन्तै जटिल अवस्थामा पुगेकोले यस संघ उहाँको जीवन रक्षाका निम्ती निम्न लिखित विरोधका कार्यक्रमहरु घोषणा गर्न बाध्य भएको व्यहोरा यसै विज्ञप्ती मार्फत जानकारी गराइन्छ ।

**तपसिलका कार्यक्रमहरु**

१) मिति २०७७ आश्विन **२२ गते बिहान ९ देखि ११ बजे सम्म देशभरका स्वास्थ्य संस्था तथा अस्पतालहरुमा आकस्मिक र कोभिड-१९ का सेवा बाहेक अन्य स्वास्थ्य सेवा बहिष्कार गरी** संघका शाखा कार्यालयहरु, देशभरका स्वास्थ्य संस्था वा अस्पतालहरुको प्रांगढमा जनस्वास्थ्यको मापदण्ड अपनाई सामाजिक दुरी कायम गर्दै धर्ना गर्ने ।

२) मिति २०७७ आश्विन २२ गतेदेखि संघका शाखा कार्यालयहरुमा र देशभरका सम्पूर्ण स्वास्थ्य संस्था, अस्पताल वा उपयुक्त स्थानमा सामाजिक दुरी कायम गरी जनस्वास्थ्यको मापदण्ड अपनाई अर्को सूचना नआएसम्म कालोपट्टी बाँधी रिले अनसन गर्ने ।

३) उल्लेखित अवधिभर डा. गोविन्द के.सी.को सत्याग्रह अन्त्यका लागि सहज वातावरण नगराईएको अवस्थामा **नेपाल चिकित्सक संघ बाध्यता बस मिति २०७७ आश्विन २३ गते शुक्रबार १ दिनका लागि देशैभरका स्वास्थ्य संस्था तथा अस्पतालहरुमा आकस्मिक र कोभिड-१९ का सेवा बाहेक सम्पूर्ण स्वास्थ्य सेवा पूर्ण रुपमा बहिष्कार गर्ने निर्णय गरिएको** व्यहोरा अवगत गराउदै संघका सम्पूर्ण शाखा कार्यालयहरुले सोही अनुरुपका कार्यक्रमहरुको कार्यान्वयन गर्न गराउन समेत यसै विज्ञप्ती मार्फत जानकारी गराईन्छ । साथै उल्लेखित अवधिभित्र बार्ताटोली बनाई सत्याग्रहको अन्त्य नगरिएको अवस्थामा संघबाट थप कडा विरोधका कार्यक्रमहरु सार्वजनिक गरिनेछ ।

संघद्वारा घोषणा गरिएका बिरोधका कार्यक्रमहरुबाट उत्पन्न हुन सक्ने गम्भिर परिस्थितिप्रति नेपाल सरकार नै जिम्मेवार हुनेछ । साथै यस संघ अझै पनि नेपाल सरकारलाई कोभिड-१९ को महामारीका समयमा स्वास्थ्य सेवा प्रवाहमा उत्पन्न हुन सक्ने गम्भिर परिस्थितिप्रति गहन रुपमा मनन गरी अबिलम्ब वार्ताटोली गठन गरेर वार्ता र सम्वादको माध्यमद्वारा सत्याग्रहको अन्त्य गर्न हार्दिक आग्रह गर्दछ । यस संघ नेपाल सरकारले चाहेको अवस्थामा जुनसुकै बेला वार्ताका निम्ती सहजीकरणको भूमिका निर्वाह गर्न समेत तयार रहेको व्यहोरा यसै विज्ञप्ती मार्फत जानकारी गराईन्छ ।

भवदीय,

डा. बद्री रिजाल
महासचिव


Phone No. +977-1-4225860, 4231825 ,Fax No. +977-1-4225300, Email: nma@nma.org.np, Web: www.nma.org.np